# सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

प्रदेश सभा

सुदूरपश्चिम प्रदेश

२०८०

## सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस ऐनको नाम "सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) (पहिलो संशोधन) ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ को दफा २ मा संशोधनः सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको कानुन सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।"

(२) खण्ड (ज) को उपखण्ड (३) को सट्टा देहायको उपखण्ड (३) राखिएको छः-

"(३) प्रदेश सरकारले बनाएका गठन आदेश, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड,"

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को,-

(१) उपदफा (१) मा रहेको "हस्ताक्षर" भन्ने शब्द पछि "गरी प्रमाणित" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (५) मा रहेका "र यस्तो ऐन वेबसाइटमा समेत राखिनेछ" भन्ने शब्दहरू झिकिएका छन्।

(३) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) उपदफा (५) बमोजिम प्रदेश राजपत्रमा प्रकाशित भएको ऐन मन्त्रालयको वेबसाइटमा राख्नु पर्नेछ ।"

४. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः-

"(८) उपदफा (७) बमोजिम प्रदेश राजपत्रमा प्रकाशित भएको अध्यादेश मन्त्रालयको वेबसाइटमा राख्नु पर्नेछ ।"

५. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-

"७. नियम, आदेश तथा अधिकारपत्रको प्रमाणीकरण : (१) प्रदेश सरकार (मन्त्रिपरिषद्) ले देहायका सार्वजनिक लिखत स्वीकृत गरेपछि प्रदेश सरकारको प्रमुख सचिवले लिखतको दुई प्रतिमा हस्ताक्षर गरी प्रमाणीकरण गर्नु पर्नेछ ।

(क) प्रदेश सरकारले बनाएको गठन आदेश, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड,

(ख) प्रदेश सरकारले जारी गरेको आदेश,

(ग) प्रदेश सरकारले जारी गरेको अधिकारपत्र,

(घ) संघीय वा प्रदेश कानुन बमोजिम प्रदेश सरकार (मन्त्रिपरिषद्) ले गर्ने निर्णय वा जारी गर्नुपर्ने अन्य सार्वजनिक लिखत ।

(२) उपदफा (१) बमोजिमका लिखतको एकप्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्को प्रति सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ।

६. <u>मूल ऐनको दफा १० मा संशोधन</u>: मूल ऐनको दफा १० को,-

(१) उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) प्रदेश सरकारले बनाएका गठन आदेश, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड तथा प्रदेश सरकार (मन्त्रिपरिषद्) ले जारी गरेको आदेश वा अधिकारपत्र, भाग-२,"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२)उपदफा (१) बमोजिम प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्दा ऐन वा अध्यादेश भए मन्त्रालयको सचिवको नाम राखी हस्ताक्षर गरी प्रदेश राजपत्रमा प्रकाशनको लागि पठाउनु पर्नेछ ।"

(३) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) प्रदेश ऐन वा अध्यादेश बाहेकका गठन आदेश, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड तथा अन्य सार्वजनिक लिखतको हकमा सम्बन्धित अधिकारी वा निकायको निर्णयको आधारमा सम्बन्धित मन्त्रालय वा निकायको सचिवले सम्पादनका लागि सक्कल निर्णय फाइल सहित मन्त्रालयमा पठाउनु पर्नेछ ।"

(४) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) उपदफा (४) बमोजिम मन्त्रालयले सम्पादन गरी पठाए बमोजिमको सूचनामा सम्बन्धित मन्त्रालय वा निकायको सचिवको नाम राखी निजको हस्ताक्षरसहित प्रदेश राजपत्रमा प्रकाशनको लागि मन्त्रालयमा पठाउनु पर्नेछ ।"

(५) उपदफा (८) पछि देहायको उपदफा (९) थपिएको छः-

"(९) यस ऐन बमोजिम राजपत्रमा प्रकाशित सार्वजनिक लिखत मन्त्रालयको वेबसाइटमा राख्नु पर्नेछ ।"

७. <u>मूल ऐनको दफा १३ मा संशोधन</u>: मूल ऐनको दफा १३ मा रहेको "सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९" भन्ने वाक्यांशको सट्टा "मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४" भन्ने वाक्यांश राखिएको छ।

८. <u>मूल ऐनको दफा १५ मा संशोधन</u>: मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः-

"१५. खारेजी र बचाउ : (१) प्रदेश नं. ७ प्रदेशस्तरको केही सार्वजनिक लिखत प्रमाणीकरण नियमावली, २०७४ खारेज गरिएको छ ।

(२) प्रदेश नं ७ प्रदेशस्तरको केही सार्वजनिक लिखत प्रमाणीकरण नियमावली, २०७४ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।"

रुपान्तर : मूल ऐनको ठाउँ ठाउँमा रहेका "आन्तरिक मामिला तथा कानुन मन्त्रालय" र "कानुन मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "मन्त्रालय" भन्ने शब्द राखी रुपान्तर गरिएको छ ।

प्रदेश सभाको सम्बत् २०८० साल असोज २४ गते बुधबारका दिन बसेको दोस्रो अधिवेशनको २६औं बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुँदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

..............................

भिम बहादुर भण्डारी
सभामुख
सुदूरपश्चिम प्रदेश
मिति २०८०।०६।२९

सुदूरपश्चिम प्रदेशका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।
मितिः-

..........................
देवराज जोशी
प्रदेश प्रमुख